तिमीहरू के सोच्छौ, यदि तिमीहरूमध्ये कसैको घरको ढोका नजिकैबाट एउटा नदी बगिरहेको होस् र ऊ दिनको पाँच पटक त्यसमा नुहाउँछ भने, के उसको शरीरमा कुनै मैलो बाँकी रहन्छ?

अबू हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गर्नुभएको छ, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुने, उहाँले भन्नुभयो : "तिमीहरू के सोच्छौ, यदि तिमीहरूमध्ये कसैको घरको ढोका नजिकैबाट एउटा नदी बगिरहेको होस् र ऊ दिनको पाँच पटक त्यसमा नुहाउँछ भने, के उसको शरीरमा कुनै मैलो बाँकी रहन्छ? उनीहरूले जवाफ दिए: "कुनै मैलो बाँकी रहँदैन।" उहाँले भन्नुभयो: "पाँचवटा नमाजको उदाहरण त्यस्तै हो। यसद्वारा अल्लाहले सम्पूर्ण पापहरू मेटाइदिनुहुन्छ।"
[सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दिन र रातमा पाँच पटक नमाज पढ्नाले साना पाप र गल्तीहरू मेटिने कुराको तुलना, कसैको घरको अगाडि बगिरहेको नदीमा उसले दिनमा पाँच पटक नुहाउँदा शरीरमा कुनै पनि फोहोर बाँकी नरहने अवस्थासँग गर्नुभएको छ।

https://sunnah.global/hadeeth/ne/show/4968